सम्पादकीय

भूमे साप्ताहिक

वर्ष ७ अङ्क २० पुस ०६ आईतबार

# स्थानीय शासनको जग र समृद्धिको मार्गचित्र

नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सामा संघीयताको वास्तविक अभ्यास स्थानीय तहबाटै भइरहेको छ । राज्यको सेवा र सुविधालाई नागरिकको घरदैलोसम्म पुऱ्याउने संवैधानिक संकल्पलाई साकार पार्ने क्रममा लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुम पूर्वको भूमे गाउँपालिकाले चालेका कदमहरू चर्चाको केन्द्रमा छन् । विशेषगरी, गाउँपालिकाको वडा नम्बर १ र ७ मा सम्पन्न भएको आफ्नै पक्की प्रशासनिक भवनको उद्घाटनले स्थानीय सरकार अब 'भाडाको संरचना' बाट मात्र होइन, 'अस्थायी कार्यशैली' बाट समेत मुक्त हुँदै गएको बलियो सन्देश दिएको छ । स्थानीय सरकार गठन भएको झन्डै नौ वर्षपछि आफ्नै सुविधासम्पन्न भवनबाट सेवा प्रवाह सुरु हुनुले स्थानीय शासनको संस्थागत सुदृढीकरणमा एउटा नयाँ मानक स्थापित गरेको छ । प्रशासनिक भवन केवल ईंटा, सिमेन्ट र बालुवाको भौतिक थुप्रो मात्र होइन । यो त राज्यको स्थायी उपस्थिति, सुशासनको केन्द्र र नागरिकको भरोसाको आधारस्तम्भ हो । अझ प्रशंसनीय पक्ष त के छ भने, नेपालको सार्वजनिक निर्माण क्षेत्रमा व्याप्त ढिलासुस्ती र बेथितिको रोगलाई चिर्दै सम्झौता अवधिभन्दा एक महिना अगावै धर्मशालामा निर्माण भएको झन्डै २ करोड ५० लाखको लगानीमा निर्मित भवनले देखिएको तदारुकता र निर्माण व्यवसायीको इमानदारी अन्य सार्वजनिक आयोजनाका लागि पनि एउटा उदाहरणीय दृष्टान्त बनेको छ । विकासका निम्ति आफ्नो भूमि नि:स्वार्थ रूपमा त्याग गर्ने जग्गादाताहरूको योगदानले विकासमा जनसहभागिताको महत्वलाई उच्च बनाएको छ ।

भूमे गाउँपालिकाले पछिल्लो समय अख्तियार गरेको विकासको स्वरूप बहुआयामिक र जनमुखी देखिन्छ । पालिकाले केवल प्रशासनिक पूर्वाधारमा मात्र आफूलाई सीमित नराखी शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र सडक सञ्जाल जस्ता आधारभूत क्षेत्रमा नागरिकको माग र आवश्यकताका आधारमा योजनाहरू सम्पन्न गर्नुले सहभागितामूलक लोकतन्त्रको मर्मलाई आत्मसात् गरेको छ । दुर्गम भूगोलका बस्तीहरूलाई सडकले जोड्नु, स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने कृषिका कार्यक्रमहरू ल्याउनु र पर्यटनलाई समृद्धिको आधार बनाउनु नै संघीयताको वास्तविक उपलब्धि हो । विकास केवल भौतिक निर्माण मात्र होइन । नागरिकको जीवनस्तरमा आउने गुणात्मक परिवर्तन पनि हो भन्ने तथ्यलाई पालिकाको कार्यशैलीले स्पष्ट पारेको छ ।

यसै बिच अर्को एउटा विशिष्ट र अनुकरणीय पक्ष भनेको 'खोज र अनुसन्धान' प्रतिको लगाव हो । नयाँ सम्भावनाहरूको खोजी गर्ने, स्थानीय स्रोत र साधनको वैज्ञानिक उपयोग गर्ने र तथ्याङ्कमा आधारित भएर विकासका योजनाहरू तर्जुमा गर्ने जुन अभ्यास भूमेले गरेको छ। जस्ले भूमेलाई अन्य स्थानीय तहभन्दा पृथक् र आधुनिक पहिचान दिएको छ । विकासलाई केवल परम्परागत शैलीमा होइन । खोज र अनुसन्धानको जगमा उभ्याउनु नै दिगो समृद्धिको आधार हो । यद्यपि, भौतिक संरचनाको भव्यता र योजनाहरूको चाङले मात्रै सुशासनको पूर्ण प्रत्याभूति दिँदैन । अत्याधुनिक भवनबाट प्रवाह हुने सेवा पनि उत्तिकै आधुनिक, प्रविधिमैत्री र झन्झटमुक्त हुन अनिवार्य छ । भवनको बाहिरी चमकसँगै सेवा प्रवाहमा रहने कर्मचारीको व्यवहार र जनप्रतिनिधिको कार्यशैलीमा समेत उत्तिकै जनमैत्री परिवर्तन देखिनुपर्छ । पालिकाले आफ्ना सबै वडाहरूलाई आफ्नै प्रशासनिक पूर्वाधारले सुसज्जित गर्ने जुन लक्ष्य लिएको छ, त्यसलाई समयमै पूरा गर्दै सेवालाई थप पारदर्शी र उत्तरदायी बनाउनु अबको मुख्य चुनौती हो ।

अन्त्यमा, भूमे गाउँपालिकाले बोकेको समृद्धिको सपना र लिएको स्पष्ट 'मिसन र भिजन' लाई सफल बनाउन सबै सरोकारवालाहरूको रचनात्मक सहयोग आवश्यक छ । भौतिक विकासले कोरेको यो मार्गमा अब सामाजिक न्याय र आर्थिक रूपान्तरणका थप आयामहरू थपिनुपर्छ । खोज र अनुसन्धानको जगमा उभिएर गरिएको यो विकासको यात्राले नै भोलिको भूमेलाई एक नमुना र समृद्ध पालिकाको रूपमा स्थापित गर्नेछ । यो ऐतिहासिक उपलब्धिमा गर्व गर्दै आगामी दिनमा सेवाको मुस्कान र विकासको गतिलाई अझ तीव्रता दिनु नै अहिलेको प्रमुख आवश्यकता हो ।



प्रकाशक

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

## जहाँ सरकार भाडामा थियो

# ९ वर्षपछि भूमे–७ ले पायो प्रशासनिक भवन




***बालाराम शेर्पाली रुकुम पूर्व।***

मंसिर २९ , लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वको भूमे गाउँपालिका - ७ धर्मशालामा सोमबार बिहानदेखि भीड सामान्यभन्दा फरक थियो । फूलमालाले सजिएको नयाँ भवनको आँगनमा उभिएका स्थानीयहरूका आँखामा एउटै प्रश्न र एउटै उत्साह देखिन्थ्यो । अब हाम्रो काम आफ्नै घरबाट हुन्छ ? उद्घाटनसँगै त्यसको जवाफ पनि आयो। हो, हुन्छ।

भूमे गाउँपालिका वडा नम्बर ७ ले स्थानीय सरकार स्थापना भएको करिब नौ वर्षपछि आफ्नै पक्की प्रशासनिक भवन पाएको छ। यसअघि भाडाका र अस्थायी संरचनाबाट सेवा लिँदै आएका स्थानीयवासीका लागि यो भवन केवल भौतिक संरचना मात्रै होइन, स्थानीय शासनको पहुँच र अनुभूतिको प्रतीक बनेको छ । सोमबार आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति रुकुम पूर्वका प्रमुख मेघबहादुर श्रेष्ठ र भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले संयुक्त रूपमा वडा कार्यालयको प्रशासनिक भवन उद्घाटन गरे। कार्यक्रममा वृद्धदेखि युवासम्मका अनुहारमा सन्तोष र आशा दुवै झल्किएको थियो।


उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मेघबहादुर श्रेष्ठले जनयुद्ध, गणतन्त्र स्थापना र त्यसपछिका राजनीतिक परिवर्तनकै कारण आज गाउँ–गाउँमा सरकारी सेवा पुग्न सम्भव भएको बताए । "पहिले सिंहदरबार काठमाडौँमा मात्रै सीमित थियो, आज गाउँमै सरकार छ," उनले भने। "स्थानीय सरकार सुदृढ बन्दै जाँदा सेवा पनि जनताको ढोकासम्म पुगेको छ।"गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठका अनुसार नयाँ भवन सेवा प्रवाह सुधार गर्ने आधार हो। "यो भवन इँटा–सिमेन्टको संरचना मात्रै होइन, सुशासनको सुरुवात पनि हो," उनले भने । श्रेष्ठको अनुसार गाउँपालिकाले सबै वडामा प्रशासनिक तथा सामाजिक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए । मध्यपहाडी राज मार्गको छेउमा वडा नम्बर -१ को प्रशासनिक भवन पनि ४ महिना पहिले उद्घाटन गरिएको श्रेष्ठले बताए। पालिका भित्र रहेका नौ वटा वडा मध्य दुई वडामा पक्की संरचना बनि सकेको छ। बाकी रहेका ७ वटा वडा पनि भाडाको भवनन नभई साना भए पनि आफ्नै भवनबाट सेवा दिई रहेका छौं । अर्को वर्षको यस महिनासम्म वडा नम्बर ३ को प्रशासनिक भवन पनि उद्घाटन गर्ने उनले बताए।



उपाध्यक्ष सबिना बुढा मगरले वडा कार्यालयको आफ्नै भवन निर्माण हुनु स्थानीय सरकारको संस्थागत विकासको महत्वपूर्ण उपलब्धि भएको बताइन् । “जनताको विश्वास जित्ने गरी सेवा दिनु हाम्रो जिम्मेवारी हो,” उनले भनिन् ।

यस्तै नेकपाका नेता रुपधन कामीले जनयुद्ध र सहिदहरूको बलिदानकै कारण आज गाउँ–गाउँमा ‘सिंहदरबार’ पुगेको टिप्पणी गरे। उहाँले अब राज्य सञ्चालनको जिम्मा केही व्यक्तिमा सीमित नरही जनतासम्म पुगेको उल्लेख गरे । लामो समयदेखि अस्थायी संरचनाबाट सेवा दिँदै आएको वडा कार्यालयका लागि यो दिन ऐतिहासिक बन्यो । वडा अध्यक्ष संगम रोकाले नौ वर्षको प्रतीक्षापछि आफ्नै भवन पाउन सफल भएको भन्दै यसले प्रशासनिक कामकाजलाई सहज र प्रभावकारी बनाउने विश्वास व्यक्त गरेका छन् । वडा कार्यालय भवन निर्माणका लागि जग्गा दान गर्ने ढोटे रोका, धनलाल रोका, वसन्त रोका, फर्के रोका, उजेलसरी रोका, जंगे रोका र संगम रोकालाई गाउँपालिकाले कदर पत्रले समेत सम्मान गरेको छ । भवन निर्माणका लागि रोल्पा नगरपालिका–२ रोल्पाको शुभम निर्माण सेवा कम्पनीले २०८० माघ २६ गते वडा कार्यालयको प्रशासनिक भवन निर्माणको सम्झौता गरेकोमा भवन निर्माण गरिसक्ने अवधि २०८२ माघ २६ गते सम्म रहेको थियो । तर, ठेकेदारले सम्झौता मिति भन्दा एक महिना अघि नै भवन निर्माण गरेको छ । नेपाल सरकार र भूमे गाउँपालिकाको समपुरक बजेट २ करोड ४९ लाख ७६ हजार १ सय ४३ रुपैयाँमा भवन निर्माण भएको छ ।

# भेरीडाँडामा ट्र्याक्टर दुर्घटना



पुस ३ गते , रुकुमपूर्वको भूमे गाउँपालिका–९ भेरीडाँडामा आज दिउँसो भएको ट्र्याक्टर दुर्घटना भएको थियो । रा १ त ४७१८ नम्बरको ट्र्याक्टरमा ट्राली जोड्ने क्रममा अचानक ब्रेक नलागेपछि सन्तुलन गुमेर करिब ६० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वले जनाएको छ ।

दुर्घटनामा ट्र्याक्टरको इन्जिन भाग क्षतिग्रस्त भएको छ। सल्याण जिल्ला, सारदा नगरपालिका–१४ का ३१ वर्षीय चालक अर्जुन भण्डारीलाई भने कुनै चोटपटक नलागेको सूचना अधिकारी लालबहादुर बिकले जानकारी दिए । दुर्घटनाग्रस्त ट्र्याक्टर घटनास्थलमै रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको बिकले बताए ।

अर्थतन्त्र

वर्ष ७ अङ्क २० २०८२ पुस ०६ आईतबार

# स्थानीय अर्थतन्त्र विकासको लागि आयस्रोतको खोज मा भूमे गाउँपालिका



❖ साप्ताहिक संवाददाता

पुस २, बुधबार । रुकुमपूर्वको भूमे गाउँपालिका पछिल्ला वर्ष यता **'सफा, समृद्ध र आत्मनिर्भर भूमे'** को लक्ष्यसहित शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार र पर्यटन क्षेत्रको विकासमा तीव्रताको साथ अघि बढिरहेको छ । विकासका आधारभूत कामहरु सम्पन्न हुने क्रमसंगै गाउँपालिकाले आत्मनिर्भर स्थानीय अर्थतन्त्र विकास गरि एउटा फड्कोको परिकल्पना गर्दैछ ।

यसै सन्दर्भमा गाउँपालिकाले वडा नम्बर – १ स्थित लुगुम खोला–विक्याङ क्षेत्रमा जलविद्युत् परियोजनाको लागि सम्भावित क्षेत्रको प्रारम्भिक अध्ययन सुरु गरेको छ । गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, वडा अध्यक्ष मनकाजी पुन, राजनीतिक व्यक्तित्व जितमान पुन (मार्सल), पूर्व वडाध्यक्ष रामचन्द्र पुन, युवा नेता चन्द्र रसाइली, नेपाल पत्रकार महासंघका जिल्ला उपाध्यक्ष बालाराम शेर्पाली तथा स्थानीय बुद्धिजीवी र समाजसेवी सहितको टोलीले बुधबार सो क्षेत्रमा स्थलगत रुपमा उर्जा क्षेत्रको सम्भाव्यता अध्ययन गरेको हो ।

गाउँपालिका अध्यक्ष श्रेष्ठले संघीय र प्रादेशिक वित्तिय हस्तातरणहरुको भरमा मात्र होईन आफ्नै आत्मानिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने बताए ।" हाम्रो गाउँपालिकासँग आफ्नो आन्तरिक स्रोतको प्रचुर सम्भावना छ । त्यस मध्ये उर्जा पनि एक बलियो स्रोत हो " । गाउँपालिका भित्रका उर्जा, पर्यटन र खानीका स्रोतहरुको उपयोगको रणनिती लिएर समृद्धीको दिशामा अघि बढ्ने बताए । यस्तै वडा अध्यक्ष मनकाजी पुनले यस्ता परियोजनाहरु विकास गर्न सकेमा युवालाई स्वदेशमा नै रोजगारिको अवसर प्राप्ती संगै र स्थानीय अर्थतन्त्र चलायमान हुने बताए ।

राजनीतिक व्यक्तित्व जितमान पुन (मार्सलले) उर्जा परियोजना विकास गर्न सकेमा समदायको जीवन स्तरको विकासमा टेवा पुऱ्याउने मात्र नभएर सिगों गाउँपालिकाको आन्तरिक आयस्रोतमा दिगोपना ल्याउने बताए । लुगुम–विक्याङ क्षेत्रको जलविद्युत् सम्भाव्यता अध्ययनसँगै भूमे गाउँपालिकाले आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ महत्वपूर्ण पाइला चालेको छ । विकासका नियमित योजनासँगै उर्जा उत्पादन जस्ता रणनीतिक परियोजनाले भूमेलाई आर्थिक रूपमा सक्षम र भविष्यमा उर्जा निर्यात गर्न सक्षम क्षेत्र बनाउने अपेक्षा गरिएको छ ।

वर्ष ७ अङ्क २० २०८२ पुस ०६ आईतबार

# गाउँ –गाउँमा पुगेर गर्भवतीको भिडियो एक्स–रे सेवा





❖ ***भूमे साप्ताहिक संवाददाता***

'सुरक्षित मातृत्व र शिशुको स्वस्थ भविष्य' सुनिश्चित गर्ने लक्ष्यका साथ भूमे गाउँपालिकाले गर्भवती महिलाहरूका लागि स्वास्थ्य शिविर सञ्चालन गरेको छ । गाउँपालिकाले भौगोलिक विकटतालाई चिर्दै स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका गर्भवती महिलाहरूका लागि बस्तीस्तरमै पुगेर निःशुल्क भिडियो एक्स–रे सेवा प्रदान गरेको हो ।

चार स्थानमा सञ्चालित शिविरबाट ४३ गर्भवतीले सेवा लिएका छन् । गाउँपालिकाले पुस २ गतेदेखि ४ गतेसम्म विशेष कार्यतालिका बनाएर यो सेवा प्रवाह गरेको थियो । गाउँपालिकाका जनस्वास्थ्य निरीक्षक सन्जिब खड्काका अनुसार पुस २ गते काँडा र चुन्वाङ ३ गते कोर्जा र ४ गते सेराबाङ दिएको हो । ४३ जनामध्ये समस्या देखिएका दुई जना गर्भवती महिलालाई भने थप उपचारका लागि जिल्ला अस्पताल रेफर गरिएको खड्काले जानकारी दिनुभयो । गाउँपालिकाले घरमा हुने जोखिमपूर्ण सुत्केरीको अभ्यासलाई पूर्ण रूपमा अन्त्य गरी 'शून्य होम डेलिभरी' को लक्ष्य लिएको छ । दुर्गम बस्तीका आमाहरूलाई नियमित स्वास्थ्य जाँचमा सहभागी गराउन र अनिवार्य रूपमा बर्थिङ सेन्टरमै सुत्केरी गराउन सचेतना फैलाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको खड्काले बताउनुभयो। हाम्रो मुख्य उद्देश्य आमा र बच्चा दुवैको स्वास्थ्य सुरक्षित बनाउनु हो । गाउँमै पुगेर भिडियो एक्स–रे गर्दा गर्भभित्रको शिशुको अवस्था बेलैमा थाहा हुन्छ, जसले गर्दा सम्भावित जोखिमबाट बच्न र बचाउन सकिने उहाँले बताउनुभयो। सुविधासम्पन्न अस्पतालसम्म पुग्न समय र खर्च दुवै लाग्ने अवस्थामा गाउँपालिकाले घरदैलोमै विशेषज्ञ प्रविधिको सेवा पुऱ्याएपछि स्थानीय उत्साहित भएका छन् । नियमित रूपमा स्वास्थ्य संस्थामा जाँच गराउन र सुरक्षित मातृत्वका मापदण्ड पालना गर्न गाउँपालिकाले सबैमा अनुरोध समेत गरेको छ ।

समाचार

वर्ष ७ अङ्क २० २०८२ पुस ०६ आईतबार

# जिल्ला प्रशासन र प्रहरीको नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न

❖ ***भूमे साप्ताहिक संवाददाता***




जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वको संयुक्त आयोजनामा भूमे गाउँपालिकामा नागरिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। सरकारी सेवालाई पारदर्शी बनाउने र प्रहरी(नागरिकबीचको सम्बन्धलाई जनस्तर सम्म पुऱ्याउने उद्देश्यले आयोजित उक्त कार्यक्रममा स्थानीयले शान्ति सुरक्षा र सेवा प्रवाहका बारेमा गम्भीर प्रश्न उठाएका छन्।

कार्यक्रममा भूमेका स्थानीय नागरिक तथा सरोकारवालाहरूले आफ्ना गुनासा र सुझावहरू राखेका थिए। शिक्षक गणेश शेर्पालीले गत साउन २८ गते भएको कोइली शाही मृत्यु प्रकरणमा आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता भए पनि आरोपितमाथि कारबाही नभएको भन्दै टिप्पणी गर्नुभयो । यस्तै, शिक्षक हेमराज बिकले बालविवाह सम्बन्धी कानुन अन्तरजातीय विवाहमा मात्र बढी सक्रिय देखिने गरेको प्रश्न गर्नुभएको थियो।

कृषक श्रीमान् बुढामगरले एकै स्थानबाट राज्यलाई कर तिर्ने व्यवस्था मिलाउन माग गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएकी प्रमुख जिल्ला अधिकारी सिता परियारले नागरिकका जिज्ञासाको सम्बोधन गर्दै कानुनको नजरमा सबै समान रहेको बताउनुभयो । उहाँले भन्नुभयो। प्रशासन र प्रहरी नागरिककै सेवाका लागि हुन् । कोइली शाही मृत्यु प्रकरण होस् वा बालविवाह सम्बन्धी विषय, यसबारे निष्पक्ष छानबिन र कानुनी कारबाही अघि बढाउन हामी प्रतिबद्ध छौँ। नागरिकले उठाएका प्रश्न र गुनासाहरू हाम्रा लागि काम सच्याउने र अघि बढ्ने मार्गदर्शक हुन् । कसैलाई काखा र कसैलाई पाखा गर्ने नीति प्रशासनको नभएको उहाँले बताउनुभयो। कार्यक्रमका प्रमुख अतिथि तथा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले कोइली शाही प्रकरणमा नागरिकले उठाएका प्रश्न जायज रहेको बताउनुभयो। उहाँले प्रहरी प्रशासनलाई जनअपेक्षा अनुसार काम गर्न अनुरोध गर्दै नागरिकको खबरदारीले नै सरकारी कामलाई गुणस्तरीय बनाउने धारणा राख्नुभएको हो । यस्तै डीएसपी उमाशंकर प्रसाद यादवले प्रहरी सेवालाई प्रविधिमैत्री र जनमुखी बनाउने प्रतिबद्धता बताउनुभएको छ । कार्यक्रममा वडा अध्यक्षहरू, सुरक्षा निकायका प्रमुखहरू र स्थानीयको ठूलो उपस्थिति रहेको थियो।

# भूमे गाउँपालिकाको तयारी कक्षाबाट शिक्षक सेवा परिक्षामा तीन जनाको सफलता




गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले स्थानीय तहबाट युवाका शिक्षा तर्फ गरिएको लगानी परिणाममुखी बन्न थालेको टिप्पणी गरेका छन्। "शिक्षक सेवामा तीन युवा सफल हुनु केवल व्यक्तिगत उपलब्धि मात्रै होइन, गाउँपालिकाको शैक्षिक अभियानले अपेक्षित परिणाम दिन थालेको सन्देश पनि हो। अब हामी अझ व्यवस्थित, अनुसन्धानमुखी र व्यवहारिक तयारी कक्षा सञ्चालन गर्छौं।" श्रेष्ठले भने। गाउँपालिकाले आगामी वर्षदेखि तयारी कक्षालाई नियमित कार्यक्रम विस्तार गर्ने उनले बताए।

रुकुमपूर्व । शिक्षक सेवा परिक्षामा भूमे गाउँपालिकाको तयारी कक्षाले ठोस परिणाम दिएको छ। गाउँपालिकाले लोकसेवा र शिक्षक सेवा लक्षित तयारी कक्षा सञ्चालन गरेको थियो । उक्त कक्षामा सहभागी सात जनामध्ये तीन जनाले मंसिर २० गते भएको शिक्षक सेवा लाइसेन्स परिक्षामा सफलता हासिल गरेका छन्।सफलमध्ये भूमे–३ की सम्झना मल्ल, भूमे–२ की ईखमा माया पुन र भूमे–८ की श्रृष्टी बुढामगर रहेका छन्। गाउँपालिकाका सूचना अधिकारी प्रेम भट्टराईका अनुसार तयारी कक्षाले ग्रामीण भेगका युवालाई परिक्षामुखी दक्षता प्रदान गर्ने उद्देश्य राखेको बताए । "भाग लिनेमध्ये ४३ प्रतिशत विद्यार्थी सफल हुनु हाम्रो प्रयास सफल दिशामा रहेको प्रमाण हो," भट्टराईले भने । गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले स्थानीय तहबाट युवाका शिक्षा तर्फ गरिएको लगानी परिणाममुखी बन्न थालेको टिप्पणी गरेका छन् । "शिक्षक सेवामा तीन युवा सफल हुनु केवल व्यक्तिगत उपलब्धि मात्रै होइन, गाउँपालिकाको शैक्षिक अभियानले अपेक्षित परिणाम दिन थालेको सन्देश पनि हो। अब हामी अझ व्यवस्थित, अनुसन्धानमुखी र व्यवहारिक तयारी कक्षा सञ्चालन गर्छौं।" श्रेष्ठले भने । गाउँपालिकाले आगामी वर्षदेखि तयारी कक्षालाई नियमित कार्यक्रम विस्तार गर्ने उनले बताए ।

## भूमेको सातौं राष्ट्रपति रनिङ शिल्ड महत रंगशालामा हुने

❖ **साप्ताहिक संवाददाता**

भूमे गाउँपालिकाले आगामी माघ १५ गते देखि भूमे गाउँपालिका स्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने भएको छ । पुस ३ गते भूमे गाउँपालिकामा स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकले माघ १५ गतेदेखि १९ गते सम्म महत रंगशालामा भूमे ६ मा संञ्चालन गर्ने निर्णय गरेको शिक्षा युवा तथा खेलकुद शाखाका प्रविधिक सहायक टेक बहादुर बुढाथोकीले जानकारी दिएका छन् । जसमा छात्रा छात्र भलिवल, छात्रा छात्र कबड्डी, एथ्लेटिक्स

दौड ट्र्याक तर्फ १०० मि, २०० मि. ४०० मि. ८०० मि. १५०० मि. र ३००० मि, रिले तर्फ ४ × १०० र ४ × ४०० सय मिटर रिले दौड छात्रा छात्र तर्फ प्रतियोगिता संञ्चालन गर्ने भएको छ । साथै, उफ्रने र फ्याक्ने ( फिल्ड) छात्रा छात्र तर्फ हाइजम्प, लङजम्प, त्रिपलजम्म, ज्याभलिङ थ्रो ८०० ग्राम, सटफुट १२ पाउण्ड छात्र तर्फ र ८ पाउण्ड छात्रा तर्फको खेलहरु समावेश गरिएको गाउँपालिकाले जनाएको छ।

जस्मा गाउँपालिका भित्रका ९ वटा विद्यालयले प्रतिसप्रर्धा गर्ने छन् । गाउँपालिका भित्रका विद्यालय स्तरमा रहेका उदीयमान खेलाडीहरूलाई राष्ट्रिय स्तरसम्म पुग्ने बाटो खोल्न यो प्रतियोगिता कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ ।

## जिल्लाको तीन गाउँपालिकाको मैत्रीपूर्ण क्रिकेटमा सिस्नेको बाजी



❖ **साप्ताहिक संवाददाता**

रुकुम पूर्व । जिल्लाका स्थानीय तहहरूबीचको कार्यगत सम्बन्धलाई खेलकुदको माध्यमबाट प्रगाढ बनाउने उद्देश्यले आयोजित अन्तर पालिका स्तरीय मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताको उपाधि सिस्ने गाउँपालिकाले आफ्नो पोल्टामा पारेको छ। शनिबार रुक्मिणी माविको खेलमैदानमा भएको निकै उत्साहजनक फाइनल भिडन्तमा सिस्नेले भूमे गाउँपालिकालाई ५ विकेटले पन्छाउँदै जीत निकालेको हो। टस जितेर पहिले ब्याटिङ गरेको भूमेले निर्धारित ओभरमा सिस्नेलाई १२२ रनको मध्यम लक्ष्य दिएको थियो। जवाफी ब्याटिङमा उत्रिएको सिस्नेको टोलीले आक्रामक र संयमित खेल प्रदर्शन गर्दै मात्र १३ ओभरमा ५ विकेट गुमाएर लक्ष्य भेट्टायो। सिस्नेको जीतमा उत्कृष्ट बलिङ र ब्याटिङको तालमेल देखिएको थियो। प्रतियोगिताभर चम्किएका सिस्नेका ईश्वर महरा 'वेस्ट प्लेयर' र नवीन बोहरा 'वेस्ट बलर' को रूपमा पुरस्कृत भएका छन् । खेलाडी समेत रहेका सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोपाल रेउलेले हामी जिल्लाका तीन पालिकाहरू भावनाले पनि जोडिनुपर्छ। यो क्रिकेट मैदानले हामीलाई कार्यालयको फाइलभन्दा बाहिर निस्किएर एकआपसमा चिनजान र सहकार्य गर्ने अवसर दिएको छ। यस्ता खेलले जिल्लाको क्रिकेट क्रेजलाई मात्र बढाउँदैन, पालिकाहरूबीचको समन्वयलाई पनि नयाँ उचाइ दिनेछ।" उनले भने ।

**स्वस्थ, सुरक्षित र सभ्य समाजका निर्माणका लागि निम्न कुरामा ध्यान दिऔं ।**

- ❑ नियमित रूपमा हात मुख धोऔं, सरसफाइमा ध्यान दिऔं ।
- ❑ खुला दिसा नगर्ने, प्रयोगशाला वा शौचालय प्रयोग गरौं ।
- ❑ प्लास्टिकजन्य फोहर खुला चौर, नदी, खोला र सडकमा नफालौं ।
- ❑ छोराछोरीलाइ विद्यालय पठाऔं, बालविवाह र बालश्रम अन्त्य गरौं ।
- ❑ घरेलु हिंसा, मदिरा दुरुपयोग र लैंगिक विभेदको विरुद्ध आवाज उठाऔं ।
- ❑ अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक र एकल महिलालाई सम्मान र सहयोग गरौं ।
- ❑ स्थानीय सरकारद्वारा सञ्चालित योजनाहरूमा सहभागी बनौं, जानकारी लिऔं ।
- ❑ समाजमा सहिष्णुता, आपसी सद्भाव र सहकार्यको भावना फैलाऔं ।

सजग नागरिक – समृद्ध गाउँपालिका ।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम पूर्व

# जाँडो मौसम र स्वास्थ्य : समस्याहरू र समाधानका उपाय

❖ *संजिब खड्काजनस्वास्थ्य निरीक्षक (अधिकृत छैटौं)*



भूमे गाउँपालिका, रुकुम पूर्व भौगोलिक रूपमा हिमालि तथा चिसो हावापानी भएको क्षेत्र हो। यहाँ मंसिर देखि फागुन महिना सम्म जाँडो मौसमको प्रभाव तीव्र रूपमा देखिन्छ।

चिसो तापक्रम, हावा, कहिले काहीँ हिमपात तथा घामको कमीका कारण यस समयमा विभिन्न स्वास्थ्य समस्या देखिने गरेका छन्। जाँडो मौसमले विशेषगरी बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, दीर्घ रोगी तथा आर्थिक रूपमा कमजोर समुदायलाई बढी असर पुर्‍याउने गर्दछ। त्यसैले जाँडो मौसममा देखिने स्वास्थ्य समस्याको पहिचान र तिनको समाधानका उपायबारे समयमै जनचेतना फैलाउनु अत्यन्त आवश्यक छ।

## जाँडो मौसममा देखिने प्रमुख स्वास्थ्य समस्याहरू

जाँडो मौसममा सबैभन्दा बढी देखिने समस्या भनेको रुघाखोकी, ज्वरो तथा श्वासप्रश्वास सम्बन्धी रोगहरू हुन्। चिसो मौसममा भाइरस तथा ब्याक्टेरियाको संक्रमण छिटो फैलिने भएकाले बालबालिकामा निमोनिया, ब्रोन्काइटिस र ज्येष्ठ नागरिकमा दम तथा पुराना फोक्सोका रोगहरू बढ्ने जोखिम रहन्छ। समयमै उपचार नपाएमा यी रोग ज्यान जोखिममा समेत परिणत हुन सक्छन्।

त्यसैगरी जाँडो मौसममा सुरक्षित खानेपानीको अभाव, सरसफाइमा लापरवाही तथा दूषित खानाका कारण पखाला, अपच, पेट दुख्ने जस्ता समस्या पनि देखिने गरेका छन्। चिसोका कारण पानी कम पिउने बानीले पनि शरीरमा पानीको कमी भई स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

अर्को गम्भीर समस्या भनेको अत्यधिक चिसो लाग्ने अवस्था (हाइपोथर्मिया) हो। न्यानो कपडाको अभाव, भिजेको कपडा लगाएर बस्नु, राति न्यानो ओछ्यान नहुनु तथा आगो ताप्दा असुरक्षित तरिका अपनाउँदा यस प्रकारको समस्या देखिन सक्छ। विशेषगरी नवजात शिशु र ज्येष्ठ नागरिक यसबाट बढी जोखिममा हुन्छन्।

जाँडो मौसममा हाडजोर्नी तथा मांसपेशी दुख्ने समस्या पनि बढ्ने गर्दछ। बाथ रोग भएका व्यक्तिहरूलाई यो मौसम झन् कष्टकर हुन्छ। त्यस्तै छाला सुख्खा हुने, चिलाउने, फाट्ने तथा एलर्जी जस्ता छाला सम्बन्धी समस्या पनि सामान्य रूपमा देखिन्छन्।

## जाँडो मौसममा स्वास्थ्य समस्या समाधानका उपाय

जाँडो मौसममा देखिने स्वास्थ्य समस्याबाट बच्नका लागि सबैभन्दा पहिले न्यानो कपडाको प्रयोग अनिवार्य छ। बालबालिका, गर्भवती महिला र ज्येष्ठ नागरिकलाई




विशेष ध्यान दिई न्यानो लुगा, टोपी, मोजा तथा कम्बलको व्यवस्था गर्नुपर्छ। राति सुत्दा न्यानो ओछ्यान प्रयोग गर्नु आवश्यक छ।

घरभित्र आगो ताप्दा धुवाँ नभरिने व्यवस्था मिलाउनुपर्छ। सुधारिएको चुलो प्रयोग गर्ने, कोठामा हावा आवतजावत हुने झ्यालढोका राख्ने जस्ता उपाय अपनाउनुपर्छ। घरभित्र धूम्रपान नगर्नु तथा बालबालिका र गर्भवती महिलालाई धुवाँबाट टाढा राख्नु अत्यन्त जरुरी छ।

सफा खानेपानी र सरसफाइ जाँडो मौसममा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। उमालेको वा सुरक्षित पानी मात्र पिउनु, खाना खानुअघि र शौचालय प्रयोगपछि साबुनपानीले हात धुनु, खाना राम्ररी पकाएर मात्र खानुजस्ता व्यवहारले धेरै रोगबाट बच्न सकिन्छ।

पोषणयुक्त सन्तुलित आहार जाँडो मौसममा झन् आवश्यक हुन्छ। दाल, गेडागुडी, अण्डा, दूध, मासु, माछा जस्ता प्रोटिनयुक्त खाना नियमित रूपमा खानुपर्छ। उपलब्ध मौसमी तरकारी र फलफूल दैनिक सेवन गर्नुपर्छ। गर्भवती, सुत्केरी महिला र किशोरीहरूले आइरन तथा फोलिक एसिड नियमित सेवन गर्नुपर्छ। बाल बालिकालाई उमेर अनुसारको पोषण युक्त आहार दिनु सबै अभिभावकको दायित्व हो।

## स्वास्थ्य सेवाको उपयोग र समुदायको भूमिका

बालबालिकाको नियमित तोकेबमोजिमको खोप समयमा लगाउनुपर्छ। रुघाखोकी, ज्वरो, श्वासप्रश्वासमा समस्या देखिएमा घरेलु उपचारमै सीमित नरही नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गर्नुपर्छ। दीर्घ रोगीहरूले चिकित्सकको सल्लाहअनुसार नियमित औषधि सेवन गर्नुपर्छ।

जाँडो मौसममा समुदायको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, विद्यालय, युवा क्लब तथा स्थानीय अगुवाहरूले जनचेतना फैलाउन सक्रिय भूमिका खेल्न सक्छन्। जोखिममा रहेका परिवार, कुपोषित बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको पहिचान गरी सहयोग गर्नु आवश्यक छ।

**निष्कर्ष :** जाँडो मौसम प्राकृतिक प्रक्रिया भए पनि यसले ल्याउने स्वास्थ्य समस्यालाई सचेतना, सरसफाइ, पोषण, न्यानो कपडा तथा समयमै स्वास्थ्य सेवा लिएर धेरै हदसम्म रोकथाम गर्न सकिन्छ। भूमे गाउँपालिकामा बसोबास गर्ने सबै नागरिकले जाँडो मौसममा विशेष सावधानी अपनाई आफ्नो परिवार र समुदायलाई स्वस्थ राख्न सामूहिक प्रयास गर्नु आजको आवश्यकता हो। "रोकथाम नै उपचारभन्दा उत्तम" भन्ने सन्देशलाई व्यवहारमा उतार्दै जाँडो मौसमलाई सुरक्षित र स्वस्थ बनाऔं।

वर्ष ७ अङ्क २० २०८२ पुस ०६ आईतबार

# सुन्तलाजात फलफूल बगैंचामा देखिएको समस्या र यसको व्यवस्थापन

**बगैंचामा समस्या ( बोटहरु सुक्ने, मर्ने फलको गुणस्तरमा कमी )**



*डिल्लीराज पौडेल*



सुन्तलाजात फलफूलको स्वस्थ बगैँचाबाट राम्रो उत्पादन दिदै आइरहेको बोटहरुले केही वर्ष पछि नै रोग ग्रस्त लक्षणहरु देखाई क्रमिक रुपले फल सानो हुने भै उत्पादन घट्ने र केही वर्ष पछि नै बगैंचा अनुत्पादित हुने र बोट मर्ने हुन्छ । बगैंचाको स्थापना भएको स्थानको भौगोलिक विशेषता, स्याहार सम्भार मल जल, रोग किरा आदि राम्रो व्यवस्थापन नगरेका कारणहरुबाट सुन्तलाजात फलफूल बगैंचामा देखा पर्ने यस प्रकारको समस्या नै सुन्तलाजात फलफूल बगैंचामासिएर जाने कारण भएको छ । हाल नेपालको सुन्तलाजात फलफूल बगैंचामा देखापरेको समस्याका बिभिन्न लक्षणहरु निम्नानुसारका पाईएका छन् ।

**लक्षण :** सुरु सुरुमा ठुलो फल लाग्ने र पछि सानो सानो फल लाग्दै जाने ।राम्रोसंग फल फल्न थालेपछि बोटको केही भाग पहेंलिने, सानो फल्ने र वोट अनुत्पादक भै बिरुवा मर्दै जाने । कुनै कुनै बिरुवाको हांगाहरुको पात पहेंलो भएर झर्ने, हांगाहरु पातसमेत सरलङ्ग सुक्दै जाने, बिरुवाको फेदको बोक्रा, जराहरु कुहिने र बिरुवा पहेंलिएर बिरुवा मर्दै जाने । नयाँ पालुवा र चोर हांगाहरुको पात र डांठ माथि खरानी छर्के जस्तो देखापर्ने र टुप्पाबाट ती हांगाहरु मर्दै जाने। पातहरुमा पहेंला, खैरो, थोप्लाहरु देखिने र फलको बोक्रामा खैरो, कालो थोप्लाहरु र काला ध्वांसे फलहरु देखिने ।

**बगैंचा ह्रास हुन बाट बचाउन :**स्वास्थ, मजबूत तथा गुणस्तरको विरुवाको प्रयोग । मलजलको उचित व्याबस्थापन । रोगकीराको प्रभावकारी नियन्त्रण । माटो तथा हावापानी अनुकूलको जातको बाली ।

## ह्रासोन्मुख बगैंचाको व्यवस्थापन

पुराना, रोगी, ह्रास हुँदै आएका सुन्तलाजात फलफूल बगैंचा बोटहरुको अवस्था हेरी स्याहार सम्भार मात्रबाट पनि कम उत्पादनशिल बगैंचा / बोटहरुको उत्पादनस्तर बढाउन सकिन्छ। विभिन्न समस्याबाट ग्रसित बोटहरुको आवश्यकता अनुरुप मलजल, कांटछांट, रोगकिराको निदान गरी नियन्त्रण प्रक्रिया अपनाउदा मात्र पनि ह्रास आएका बगैंचा/बोटहरुलाई पुन उत्पादनसिल वनाउन सकिन्छ ।

**पौष-माघ महिना (फल टिपी सके पछि) गरिने क्रियाकलापहरु):** बगैचाको सरसफाई गर्न भारपात

तथा अन्य अनावश्यक बिरुवाहरु हटाउने र खनजोत गर्ने । लाछिएका / मरेका / रोग कीरा लागेका हाँगाहरु / अनावश्यक हांगाहरु तथा परजीवी बिरुवा हटाउन काँटछाँट गर्ने। काँटछाँट गर्दा काटेको घाउमा तुरन्तै बोर्डोक्स पेष्ट अनिवार्य रुपले लगाउने । बिरुवाको वरिपरि औंठी आकारको बेसिन बनाइ प्रति वोट कम्पोष्ट वा गोबरमल- १ देखि २ डोको राखी सकेपछि माटोले पुरी सिंचाई गर्ने र छापो दिने ।

**बगैचा ब्यवस्थापन प्रविधि :** घरवारी बगैंचा वा ब्यवसायिक बगैचा सबै किसिमका बगैचामा राम्रो फल उत्पादनको लागि उचित स्याहार-संभारको आवश्यक पर्दछ । वाह्रै महिना, ऋतु अनुसार बिरुवाको कृयाकलापमा परिवर्तन भैरहेको हुन्छ । बिरुवाको अवस्था र समय अनुसार बगैचामा गरिने कार्य पनि फरक फरक किसिमको हुन्छ । ति कार्यहरू मध्ये मलखाद प्रयोग, तालिम, कांटछांट, रोग कीरा नियन्त्रण र सिंचाई व्यवस्थापन अति महत्वपूर्ण कार्य अर्न्तगत पर्दछ ।

**बेसिन बनाउने :** बेसिन बनाउन बिरुवा रोपेको पहिलो वर्ष १ मि. वरिपरीको बेसिन बनाए देखि बिरुवा बढ्दै जांदा बिरुवाले जति क्षेत्रफल ढाक्छ त्यति क्षेत्रमा बेसिन बनाउँदै जानुपर्छ ।

सुन्तलाजात फलफूलको खाद्य तत्व र पानी तान्ने रेशादार जराहरू धेरै तल नजाने भएकोले बिरुवालाई सजिलोको लागि बेसिन बनाईन्छ । हरेक वर्ष यहि बेसिनमा सिंचाई गर्ने र मलखाद दिने गरिन्छ । बेसिनमा खनजोत गर्दा धेरै गहिरो खनजोत गर्नु हुँदैन । खनजोत गर्दा जरा धेरै काट्टियो भने त्यहिबाट जरा कूहाउने जीवाणू पसी जरा कुहाउछ । **मल्चिङ गर्ने :** बिशेष गरी पौष देखि जेष्ठसम्मको लामो सुख्खा समयमा माटोको चिस्यान बचाई राख्न मल्चिङको आवश्यक पर्दछ । भाद्र अन्तिम देखि बर्षा बन्द भई तापक्रम कम हुने र माटोको चिस्यान पनि सुख्खा हुंदा फल छिप्पिने र रङ्ग चढ्नको लागि उपयुक्त वातावरण बन्दछ | मंशिर देखि फल टिप्न शुरु भई ढिलोमा माघ दोश्रो हप्तासम्म फल टिपि सकिन्छ । फल टिपि सकेपछि वोटमा कांटछांट, बेसिन खन्ने, मलखाद दिने, सिंचाई गर्ने र सुक्ष्म तत्व, झोल मल वा वोर्डो मिश्रण स्प्रे गरेपछि वोटको बेसिन वरिपरी सुकेको घांसपात परालले मल्चिङ गर्न सके माटोको चिस्यान बचाई वोटलाई ज्यादै फाईदा पुग्दछ ।

**तालिम कांटछांट :** फलफुलको विरुवालाई सानै उमेर देखि योजनावद्ध तरिकाले राम्रो आकार, प्रकार, स्वास्थय, दरिलो र सजिलो वोट वनाउन नर्सरी अवस्था देखि नै कांटछांट को आवश्यक पर्दछ । यसरी सानै अवस्थामा गरिएको विरुवाको कांटछांटलाई तालिम भनिन्छ । विरुवा वगैचामा रोपे पछि ठूलो भै सकेर सालै पिच्छे अनावश्यक रोगी, वढी हांगा, भांचेको र नचाहिंदो मात्रामा वढेको आदि हांगाहरुलाई हटाउने प्रकृया लाई कांटछांट भन्ने गरिन्छ । फलफुलको वगैचा स्थापना गरि सकेपछि विरुवाको कांटछांटको अति नै आवश्यकता पर्दछ यदि कांटछांट को राम्रो प्रवन्ध मिलाउन नसकेको खण्डमा हामीले मुनाफा लिन सकिदैन । कांटछांट नभएका वोट छिटो ह्रास हुन थाल्छ साथै फल उत्पादन व्यवस्थित हुँदैन ।

सुन्तलाजात फलफूलमा कांटछांट गर्दा मुल हांगामा तिन वटा मुख्य हांगा राखि बिरुवाको कलिलो अबस्था देखि नै तालिम दिईन्छ । प्रत्येक मूल हांगाबाट आएका सहायक हांगाहरू एक आपसमा नजोडिने र नखप्टिने

गरी दुई/दुईवटा हांगा बनाउनु पर्छ। कलमी बिरुवा भन्दा बिजू बिरुवाका पालुवा अझ बढि बढ्ने भएकोले बिजू बिरुवामा तालिम तथा कांटछांटको अझ बढि आवश्यक पर्छ।

**कांटछांटबाट हुने फाईदाहरु**

- वोटको आकार राम्रो वन्छ, हांगाहरु वलियो भै फल वढी दिन्छ।
- नचाहिंदो हांगाहरु वढेर वोट झ्याङ्गिन पाउंदैन र फल राम्रो, ठूलो र चाडै पाक्ने हुन्छ।
- रोग र किराको प्रकोप वढन पाउंदैन। त्यसैगरी सुर्यको प्रकास प्रत्येक भागमा पुगि स्वादिलो गुणस्तरको विकास हुन्छ। सुचारु रुपले हावाको आवगमन गर्न पाउंछ

**कांटछांट गर्दा ध्यान दिनु पर्ने कुराहरु:** कांटछांट गर्दा फेद वा हांगाहरुको वोक्रा नलाछिने गर्नु पर्दछ। रोग लागेको र सुकेको हांगा हटाउनु पर्दछ। लत्रेको हांगा, अरु हांगा भन्दा छिटो वढने हांगा, वोटको भित्र तिर वढने हांगाहरु हटाउनु पर्दछ। कुन प्रकारको विरुवा हो? र कुन मुनाले फल दिन्छ? सो राम्रो चिन्नु पर्दछ। हांगा काट्दा छड्के काट्नु पर्दछ। काटेको ठाउंमा तुरुन्त वोर्डोपेष्ट लगाई दिनु पर्दछ। कांटछांट गर्ने औजार, सिकेचर, करौती एकदम लाग्ने हुनु पर्दछ।

## विरुवाको उमेर अनुसार कांटछांटको तरिकाहरु

पहिलो वर्ष ६० से.मी. भन्दा माथीको भाग हटाई दिने जमिन सतह भन्दा दोश्रो वर्ष २-४ वटा चार दिशामा फैलिएको हांगाहरु राखेर अरु हटाई दिने। यी हांगाहरु ६-१० ईन्चको फरकमा राख्नु पर्दछ। तेश्रो वर्ष- यी माथीका मुख्य हांगाहरु १ हात जति लामो राखी वांकी हटाई दिने। चौथो वर्ष- हरेक मुख्य हांगाहरुमा २-३ वटा आंखा हांगाहरु राखी वांकी हटाई दिने। पांचौ वर्ष पछि अनावश्यक रोग लागेको, अरु हांगा भन्दा वढी वढने, सुकेको वोट अनुसार नयां वा पुरानो मुनाहरु हटांउदै जानु पर्दछ।

**वोर्डो मिश्रण स्प्रे गर्ने :** हिंउदमा गर्नुपर्ने बगैचा ब्यवस्थापनको सम्पुर्ण कार्य सकेपछि १ प्रतिशतको वोर्डो मिश्रण वोटको सम्पुर्ण भाग भिज्ने गरी स्प्रे गर्नुपर्छ। यस अवधिमा छरेको वोर्डो मिश्रणले वोटमा शुसुप्तावस्थामा बसेका ढुसिजन्य रोगलाई नियन्त्रण गर्छ। यसले माईट्स किरा पनि नियन्त्रण गर्छ। यसका साथै यसले वोटलाई सुक्ष्म तत्वको पनि आपुर्ति गर्ने भएकोले यस अबस्थामा गरिने स्प्रे ज्यादै महत्वपूर्ण हुन्छ। यस वाहेक बैशाख महिनामा फल केराउ दाना अबस्थामा पुग्दा पनि १ प्रतिशतको वोर्डो मिश्रण स्प्रे गर्न सके अति लाभकारी हुन्छ।

## बोर्डो मिक्चर, बोर्डो पेष्ट र बोर्डो पेन्ट बनाउने विधि

बोर्डो मिक्चर बनाउने विधि आवश्यक सामाग्रीहरु निलोतुथो (Copper Sulphate) १०० ग्राम , चुना (Lime) : १०० ग्राम , सफा पानी : १० लिटर

**बनाउने विधि :** १०० ग्राम निलोतुथो लाई ५ लिटर पानीमा प्लाष्टिक बाल्टीमा काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने।

- १०० ग्राम चुनालाई छुट्टै ५ लिटर पानीमा प्लाष्टिक बाल्टीमा काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने।

अनि माथि १ र २ को घोल वा मिश्रणलाई एकैसाथ छुट्टै बाल्टीमा मिसाउने अनी पुन फेरी काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने। अब मिश्रण तयार भयो तर

उक्त मिश्रण वा घोललाई सिधै विरुवामा छर्कनु अगाडि मिश्रण वा घोल ठिक छ कि छैन भनि चेक गर्नु पर्दछ। घोललाई चेक गर्नको लागि एउटा सफा बिलेट आधा भाग जति उक्त घोलमा करिब १ मिनेट डुबाउने। यदि बिलेटमा खिया लाग्यो भने तयारी घोल छर्नु उपयुक्त हुदैन र त्यस्तो अवस्थामा फेरी चुनको केही मात्रा थप गरेर लठ्ठीको सहायताले राम्रो संग चलाउने अनि फेरी विलेट राखी चेक गर्ने यदि बिलेटमा खिया बसेन भने उक्त घोल स्प्रे गर्न उपयुक्त मानिन्छ।

## बोर्डो मिक्चर बनाउँदा र विरुवामा स्प्रे गर्दा ध्यान दिनुपर्नेकेराहरु

बोंडेक्स मिक्चर तयारी गरी सकेपछि लामो समय स्टोर गरेर राख्नु हुँदैन तुरुन्तै स्प्रे गर्नुपर्दछ। बोंडेक्स मिक्चर तयारी गर्दा प्लाष्टिक बाल्टी बाहेक अन्य धातुको भाडामा बनाउनु हुँदैन।चुना र निलोतुथोलाई एउटै भाँडामा घोल्नु हुँदैन अलग अलग प्लाष्टिक बाल्टीमा घोल्ने र घोल्दा काठको लठ्ठीको मात्र प्रयोग गर्नु पर्दछ। तयारी बोंडेक्स मिक्चरको घोललाई कपडाले छानेर स्प्रे गर्नुपर्दछ। बोंडेक्स मिक्चर छिट्टै थिग्रिने (Sedimen tation) हुने भएको हुँदा पटक पटक लठ्ठी चलाएर स्प्रे गर्ने। बोंडेक्स मिक्चर विरुवामा स्प्रे गर्दा पातको अगाडि र पछाडि पर्ने गरी स्प्रे गर्नुपर्दछ।

• फुल र फल लागेको अवस्थामा बोंडेक्स मिक्चर प्रयोग नगर्ने साथै घाम लागेको अवस्थामा वा दिउसोको बेला नछर्ने।

• बोंडेक्स मिक्चर स्प्रे गर्दा अन्य कुनैपनि विषादी संग मिसाएर प्रयोग नगर्ने।

## बोर्डो मिक्चर प्रयोग गर्दाका फाईदाहरु

बोंडेक्स मिक्चर विशेष गरी ढुसी जन्य रोगहरु जस्तै क्याङकर, डाउनी मिल्ड्यू जस्ता समस्याहरुलाई नियन्त्रण गर्न प्रयोग गरिन्छ। बोर्डो पेष्ट बनाउने विधि

**आवश्यक सामाग्रीहरुः**

• निलोतुथो (Copper Sulphate) १०० ग्राम
• चुना (Lime) : १०० ग्राम
• सफा पानी : १ लिटर

## बनाउने विधि

• १०० ग्राम निलोतुथो लाई ०.५ लिटर (आधा लिटर) पानीमा प्लाष्टिक बाल्टीमा काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने।

• १०० ग्राम चुनालाई छुट्टै ०.५ लिटर (आधा लिटर) पानीमा प्लाष्टिक बाल्टीमा काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने।

• अनि माथि १ र २ को घोल वा मिश्रणलाई एकैसाथ छुट्टै बाल्टीमा मिसाउने अनी पुन फेरी काठको लठ्ठीको सहायताले राम्रो संग घोल्ने। अब मिश्रण तयार भयो र उक्त मिश्रण वा बाक्लो घोललाई रोग लागेको वा चोटपटक लागेको ठाउँ वा काटेको भागमा पेष्ट लगाउनु पर्दछ।

## बोर्डो मिक्चर बनाउँदा र विरुवामा स्प्रे गर्दा ध्यान दिनुपर्नेकुराहरु

• बोर्डो मिक्चर तयारी गर्दा प्लाष्टिक बाल्टी बाहेक अन्य धातुको भाडामा बनाउनु हुँदैन।

• चुना र निलोतुथोलाई एउटै भाँडामा घोल्नु हुँदैन अलग अलग प्लाष्टिक बाल्टीमा घोल्ने र घोल्दा काठको लठ्ठीको मात्र प्रयोग गर्नु पर्दछ। बोर्डो पेन्ट बनाउने विधि

## आवश्यक सामाग्रीहरु

• निलोतुथो (Copper Sulphate) १ के.जी.

• चुना (Lime) : २ के.जी.

• आलसको तेल : ३ लिटर

**बनाउने विधि :** शुरुमा निलोतुथोमा भएको चिस्यान हटाउन राम्रो संग भुट्ने र राम्रो संग पिध्ने अनि १ के.जी.निलोतुथो संग. २ के.जी. चुना एउटा प्लाष्टिक बाल्टीमा राख्ने।

३ लिटर आलसको तेललाई राम्रो संग तताउने र चिस्याउन हाल्ने र उक्त सामाग्रीहरुलाई एकै ठाउँमा मिसाएर विरुवाको करिब जमिनको सतह देखि १ मिटर उचाई सम्म बुरसको सहायताले पेन्ट लगाउने।

## बोर्डेक्स पेन्टबनाउँदा र विरुवामा स्प्रे गर्दा ध्यान दिनुपर्नेकुराहरु

बोर्डेक्स पेन्ट तयारी गर्दा प्लाष्टिक बाल्टी बाहेक अन्य धातुको भाडामा बनाउनु हुँदैन । बगैचा सरसफाई बगैचामा गर्नुपर्ने कार्यहरू समयमै गर्न सके बगैचा स्वस्थ एवं उत्पादनसिल रहन्छ। अनाबश्यक झारपात गोडमेल गर्ने, झरेको फल जम्मा गरि माटोमा पुर्ने (खासगरि असोज-कार्तिकमा झरेका फल), वोटमा आएका ऐंजेरु झ्याउ र आकाशबेली हटाउने, वोटको अबस्था ठिक छ छैन समयमै निरिक्षण गरी उपचार गर्ने, वोटको फेंदमा वोर्डो पेष्ट लगाउने आदि कामहरू गर्न सके लामो समयसम्म बगैचा स्वस्थ रहन्छ।

**मलखाद प्रयोग :**

बगैचा ब्यवस्थापनको अर्को महत्वपुर्ण काम मलखादको प्रयोग हो । बिरुवाको उमेर, अवस्था र सिजन अनुसार मलखाद प्रयोगको तरिकामा फरक पर्दछ।

फेरी सुन्तलाजात फलफूलको जराको प्रकृति पनि फरक भएकोले मलखाद प्रयोग गर्दा उचित तरिका पुगेन भने वोटले लिन सक्दैन। सामान्यया हाम्रो सुन्तला बगैचामा मल प्रयोग गर्ने व्यवहारिक चलन छैन। तर ब्यवसायिक रूपमा सुन्तला खेती गर्दा यंहा उल्लेख भए अनुसार दुई तरिकाबाट मल प्रयोग गर्न सकिन्छ। माटोमा मलखाद प्रयोग (जराबाट खाद्य तत्व अवशोसण)

• मलखाद प्रयोग गर्दा वोट वरिपरी बेसिनमा पर्ने गरी प्रयोग गर्ने।

• माटोको गुणस्तर कायम राख्न हरेक ३/४ वर्षको अन्तरालमा कृषि चुन प्रयोग गर्नुपर्छ।

• सुन्तलाजात फलफूलको खाद्य तत्व तान्ने जरा मध्ये करिब ८०-९५ प्रतिशत जरा जमिन देखि १०/१२ से.मि. तल हुन्छ । त्यसैले धेरै गहिरो खन्ने र तल मल दिनुहुँदैन।

• बोटमा झोल मलको समेत प्रयोग गर्न सकिन्छ। मल प्रयोग गर्ने समय

• बिरुवाको बृद्धि अबस्था र मलको प्रकृति अनुसार मल प्रयोग समय फरक पर्दछ। प्राङ्गारिक मल माटोमा घुली बिरुवाको खाद्य-तत्व प्राप्त हुन समय लाग्ने भएकोले बिरुवाको नयाँ पालुवा आउनु अगावै पुस-माघ महिनामा प्रयोग गर्नुपर्छ।

## मल दिने समय पुस-माघ

फल्ने वोट भएमा सुन्तलामा फल टिपेपछि र नफल्ने वोट भए पनि यो समयमा वोटको कांटछांट गर्ने, बगैचा सफाई गर्ने र बेसिन बनाउने काम सकिनासाथ वोटको फेदबाट एक हात परबाट वोटको वरिपरि झ्याङले ढाकेजति भागमा कोदालोको एक चोईली जति माटोमुनीबाट माटोसंग सिफारिस मात्राको राम्ररी पाकेको गोबर मल, कम्पोष्ट मल, पिना, हाडको धुलो, कृषि चुना यि चिजहरू मिलाएर मल दिनुपर्छ ।

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।